आज मिति २०७९/१०/०४ गतेका दिन सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भुपाल राज राईज्युको अध्यक्षतामा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा आ.व. ०७९/८० को आठौ गाउँ कार्यपालिका बैठकमा तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

**उपस्थितिहरुः**

| | | |
|---|---|---|
| १. श्री भुपाल राज मेवाहाङ | गा.पा. अध्यक्ष | |
| २. श्री देविता राई | गा.पा. उपाध्यक्ष | |
| ३. श्री गणेश राई | वडाध्यक्ष (वडा नं.१) | |
| ४. श्री मोहन सम्सेर राई | वडाध्यक्ष (वडा नं.२) | |
| ५. श्री प्रताप सिंह तामाङ | वडाध्यक्ष (वडा नं.३) | |
| ६. श्री देवेन्द्र राई | वडाध्यक्ष (वडा नं.४) | |
| ७. श्री ईश्वर राई | वडाध्यक्ष (वडा नं.५) | |
| ८. श्री रेबिका रसाईली | कार्यपालिका सदस्य | |
| ९. श्री मन कुमारी राई | कार्यपालिका सदस्य | |
| १०. श्री शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| ११. श्री सन्तोष राई | कार्यपालिका सदस्य | |
| १२. श्री सागर राई | कार्यपालिका सदस्य | |
| १३. श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | लक्ष्मी |
| १४. श्री भद्र बहादुर राई | प्रमुख प्रशासकीय अधिकृत | |

प्रीतावहरु

१. अघिल्लो बैठकको निर्णय समिक्षा गर्ने सम्बन्धमा ।

२.( LISA ) नतिजा सार्वजनिक सम्बन्धमा ।

३.कार्यबिधि पास गर्ने सम्बन्धमा ।

४.सडक योजना सन्चालन सम्बन्धमा ।

५.नुन वितरण सम्बन्धमा ।

६.गरिव परिवार परिचय पत्र बितरण

७.सडक हेरालु नियुक्ती (लैगिंक समानता र सामाजिक समाबेशीकरण) २.५.१३

८.श्रममुलक योजनाहरु अनुमोदन सम्बन्धमा ।

९. SJVN Arun 3rd छात्रवृत्ति छनौट सम्बन्धमा ।

१०. सगरमाथा मा.वि.को जिर्ण भवन व्यवस्थापन सम्बन्धमा ।

११. सिलीचोङ १ वडा कार्यालय विद्युत पोल विस्तार सम्बन्धमा ।

१२. खेलकुद समिति अध्यक्ष चयन गर्ने सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं. १

प्रस्ताव नं.-१ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको आ.व. ०७९/८० को मिति २०७९/०९/१७ गते बसेको कार्यपालिका बैठकले गरेका निर्णयहरु समिक्षा गर्दा सन्तोषजनक रुपमा कार्यन्वयन भएको व्यहोरा सर्वसम्बत निर्णय गरियो ।

निर्णय नं.-२

प्रस्ताव नं. २ माथी छलफल गर्दा आ.व. २०७८/७९ को स्थानीय तहको संस्थागत क्षमता स्वमुल्यांकन (LISA) प्रणालीमा प्रविष्ट गरिएकोमा आ २०७८/७९ को ६६ प्रतिशत प्रगति देखिएको तथा सो नतिजा सन्तोष जनक नै भएकोले उक्त नतिजा अनुमोदन गरी सार्वजनिक गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं.-३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा विधायन समितिबाट अनुमोदनको लागि पेश भई आएका तपशिल बमोजिमका कार्यविधिहरु पास गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल
१. मेलमिलाप कर्ता कार्यविधि २०७९
२. बाली विज्ञान एम.एस.सी,एम.एस सी.ए.जी प्रोत्सान रकम सम्बन्धी कार्यविधि २०७९

निर्णय नं.४
प्रस्ताव नं. ४ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका स्थित आ.व. २०७९।८० मा विनियोजन गरिएको आयोजनाहरु सिलीचोङको भौगोलिक स्थिती कठिनाई भएको कारण मानव श्रमबाट मात्र योजना सञ्चालन गर्न नसकिने भएको हुँदा अत्यवश्यक पर्ने योजनाहरुमा मेशिन, उपकरण समेत प्रयोग गरी योजना सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं.५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा साल्ट ट्रेडिङ कर्पोरेशनबाट प्राप्त हुने आयोडिन युक्त नुन तपशिल बमोजिमका वडाहरुमा वितरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| वडा | घर संख्य | नुन (के.जी) |
|---|---|---|
| वडा नं.-१ | ५९० | १५३६३ |
| वडा नं.-२ | ६०४ | १५७३४ |

| | | |
|---|---|---|
| वडा नं.-३ | ६५२ | १६९७८ |
| वडा नं.-४ | ४७९ | १२४७३ |
| वडा नं.-५ | ३६३ | ९४५२ |
| जम्मा | २६८८ | ७०००० |

निर्णय नं.६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा भुमी व्यवस्था सहकारी तथा गरिबी नवारण मन्त्रालयबाट प्राप्त गरिब परिवार परिचय पत्र "गरिब परिवार परिचय पत्र वितरण कार्यविधि" बमोजिम वितरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं.७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व. २०७९।८० मा लैंगिक समानता र सामाजिक समावेशीकरण शिर्षक अन्तर्गत सडक हेरालु नियुक्ती अन्तर्गत रु.३०००००(अक्षरेपी तीन लाख मात्र) विनियोजित भएको र उक्त विनियोजित रकमबाट प्रत्येक वडामा सडक हेरालु नियुक्ती गरी सडक मर्मत संभार कार्य गरी भुक्तानको लागि आएको सडयक हेरालुहरुलाई सो वापतको रकम भुक्तान दिन सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं.८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ व २०७९।८० को प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका श्रममूलक योजनाहरु सञ्चालन गर्नका लागि गाउँपालिकाको बार्षिक योजनामा समावेश गर्नका लागि कार्यपालिका बैठकबाट अनुमोदन गराई योजनाहरु प्रत्येक वडामा सञ्चालन गर्नु पर्ने भएकोले तपसिल बमोजिमका योजनाहरुलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

**तपसिल:**

| क स | योजनाको नाम | वाड नं | बिनियोजित बजेट |
|---|---|---|---|
| १ | दिल्वादोभान देखि याङसिम्मा गोगने जाने गोरेटो बाटो निर्माण योजना | १ | २,५९,६५०। |
| २ | दोबाटो सालघारी गोरेटो बाटो स्तरोन्नती तथा बेस्कु सडक सोलिङ निर्माण योजना | २ | २,५९,६५०। |
| ३ | खावेवा दुधेटार देविथान देखि साइजा साम्तिङ पुनर्वास सम्म गोरेटो बाटो निर्माण योजना ताम्कू ३ | ३ | १,१५,४००। |
| ४ | पावा देखि याङतापा हुदै पाङ्ग्राबोटे लुम्दिया तथा पांतिम्मा देविथान जाने गोरेटो बाटो निर्माण योजना ताम्कू ३ | ३ | १,४४,२५०। |
| ५ | याफू आधारभूत स्वास्थ्य कार्यालयको वरपर देखि श्री माहेश्वरी मा वि को पदमार्ग निर्माण योजना याफू | ५ | २,५९,६५० । |
| ६ | बेशी पुछार देखि बाह्रहाते सम्म गोरेटो निर्माण योजना | ४ | १२९८२५। |
| ७ | जोंलेटोल सहकारी देखि दाग्वेवा सम्म गोरेटो बाटो निर्माण योजना | ४ | १२९८२५। |

निर्णय नं.९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा SJVN Arun-3rd बाट प्राप्त छात्रवृत्तिको लागि सिलीचोङ ५ वडा नं. कार्यालयबाट प्राप्त सिफारिस बमोजिम SJVN Arun-3rd मा सिफारिस गरी पठाउने सर्वसम्मत निर्णय गरियो ।

<u>निर्णय नं.१०</u>

प्रस्ताव नं. १० माथि छलफल गर्दा सिलीचोङ ३ ताम्कु स्थित श्री सगरमाथा मा.वि. को पुरानो भवन जिर्ण भई उक्त भवनमा पठन पाठन गर्न तथा कुनै कामका लागि प्रयोग गर्न नसकिने भएको हुँदा नियम कानुन बमोजिमको व्यवस्थापन/ भत्काउन दिने सर्वसम्मत निर्णय गरियो ।

<u>निर्णय नं.११</u>

प्रस्ताव नं. ११ माथि छलफल गर्दा सिलीचोङ गा.पा. वडा नं. १ को वडा कार्यालयमा चटेकमा लघु जल विद्युत आयोजनाबाट विद्युत विस्तार गरी प्रयोग हुँदै आएको मा उक्त विद्युतको काठे पोल फेर्नु पर्ने भएको हुँदा उक्त चटेकमा विद्युत पोल परिवर्तनको लागि विविध खर्च शिर्षकबाट रु.१५०००(अक्षरेपी पन्ध्र हजार मात्र) विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>निर्णय नं.१२</u>

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस गाउपालिको विभिन्न किसिमका खेलकुद कार्यक्रमहरु सञ्चालनका लागि गठित खेलकुद समितिका अध्यक्ष श्री बुद्रोस राई मिति २०७९ वैशाख ३० गतेको स्थानीय निर्वाचनबाट वडा सदस्यामा निर्वाचित भई उक्त पद रिक्त हुन गएको हुँदा सो पदमा सि.गा.पा वडा नं. ३ का श्री उमेश राई लाई चयन गर्ने सर्वसम्मत निर्णय गरियो ।